अनुसूची-२

दफा ४ तथा अनूची-१ को भाग-२ संग सम्बन्धित

# बर्दिवास नगरपालिका

# स्थानीय राजपत्र

खण्ड: ८ संख्या:१८ कार्यपालिका स्वीकृत मिति:२०८२/०७/२१

प्रमाणिकरण मिति :२०८२/०७/२७

## भाग-२

## बर्दिवास नगरपालिका

# बाली उपचार शिविर संचालन कार्यविधि,२०८२

पृष्ठभूमी :

कृषकहरुलाई स्थानिय बालीवस्तुहरुमा लाग्ने रोग तथा किराहरुको पहिचान र व्यवस्थापन गर्न दक्ष बनाउनुका साथै कृषकहरुमा जागरुकता बढाउन आवश्यक देखेर बर्दिवास नगरपालिकाको नीति तथा कार्यक्रममा अन्तरनिहित भावना अनुरुप वार्षिक कार्यक्रममा स्वीकृत विभिन्न स्थानहरुमा बाली उपचार शिविर सञ्चालन कार्यक्रम कार्यान्वयनका लागि बर्दिवास नगरपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधिको नाम “बाली शिविर संचालन कार्यविधि,२०८२” रहेको छ ।

(ख) यो कार्यविधि बर्दिवास नगरपालिकाको कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२) परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा**

(क) **“नगरपालिका”** भन्नाले बर्दिवास नगरपालिका सम्झनु पर्नेछ ।

(ख) **“कार्यालय”** भन्नाले बर्दिवास नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्नेछ ।

(ग) **“शाखा”** भन्नाले बर्दिवास नगरपालिकाको कृषि विकास शाखालाई सम्झनु पर्नेछ ।

(घ) **“वडा”** भन्नाले बर्दिवास नगरपालिका अर्न्तगतका सबै वडाहरु सम्झनु पर्ने छ ।

(ङ) **“प्राविधिक”** भन्नाले कार्यालयमा कार्यरत वा कृषि विकास शाखाबाट खटाईएको सम्बन्धित प्राविधिक सम्झनु पर्ने छ ।

(च) **“कृषक”** भन्नाले कृषि कार्यत्रक्रम सगंलग्न हुने व्यक्ति वा संस्था सदस्य सम्झनु पर्दछ ।

(छ) **“अनुदान”** भन्नाले सम्बन्धित कृषि विकास कार्यक्रम संचालनका लागि दिईने अनुदान सम्झनु पर्नेछ ।

(ज) **“कार्यविधि”** भन्नाले बाली उपचार शिविर संचालन कार्यविधि,२०८२ सम्झनु पर्दछ ।

(झ) **“खरिद कानून”** भन्नाले सार्वजानिक खरिद ऐन, २०६३ सम्झनुपर्छ ।

(३) उद्देश्य :

क) बालीमा लाग्ने रोग तथा किराहरुको पहिचान, तिनीहरुको लक्षण, रोकथाम तथा सुरुवाती व्यवस्थापन गरी कृषि उत्पादकत्वमा सुधार ल्याउने ।
ख) कृषक सहभागितामा रोग तथा किराको लागि प्रयोग हुने विषादीको उचित प्रयोग, मानव शरिरमा पर्ने असर तथा विषदीको मात्राको बारेमा कृषकलाई सजक बनाउनु ।
ग) बालीहरुको स्थलगत रुपमा विश्लेषण गर्ने र देहेरिएका समस्या बारे बुझ्ने ।

**घ)** सुरक्षित तथा पञ्जीकृत जीवनाशक विषदीको न्यायोचित प्रयोग गर्दै वातावरण संरक्षणमा सहयोग पुऱ्याउने ।

## परिच्छेद -२
## कार्य सञ्चालन प्रकृया

(४) **बाली उपचार शिविर सञ्चालन :**

(**क**) **प्लान्ट डाक्टर** : कृषि विज्ञानमा कम्तिमा स्नातक पास गरेको वा बाली संरक्षण विधामा कम्तिमा तीन वर्ष कार्य गरेको र बाली उपचार शिविर सञ्चालन सम्बन्धी मोड्युल १ र २ को तालीममा सहभागी भई परिक्षा उतीर्ण भएको व्यक्ति प्लान्ट डाक्टरको लागि योग्य हुनेछ ।

(**ख**) **शिविर सहजकर्ता** : कम्तिमा बाली उपचार शिविर सञ्चालन सम्बन्धी मोड्युल १ र २ को तालिममा सहभागी भई परिक्षा उतीर्ण भएको व्यक्ति बुझ्नुपर्छ ।

(५) **सञ्चालन पक्रिया तथा अनिवार्य शर्तहरु :**

(क) कार्यक्रम बर्दिवास नगरपालिकाको कृषि विकास शाखाले सञ्चालन गर्नेछ ।

(ख) कार्यलयले आफ्नो नगरपालिकाको क्षेत्रहरुको आवश्यकता अनुसार वा समूह समितिको माग एवम् सेवाको पहुँच नपुगेका तथा व्यवसायी खेति भएको वा शत्रु जीवको समस्या बढी भएको वा रसायनिक विषादीको अत्याधिक प्रयोग हुने क्षेत्रमा शिविर सञ्चालन गर्नुपर्नेछ र सोको जानकारी कृषि विभाग वा सम्बन्धीत माथिल्लो निकायमा दिनुपर्दछ ।

(ग) बाली उपचार शिविरको स्थान सकेसम्म धेरै जसो कृषकहरुलाई पायक पर्ने स्थानमा हुनुपर्नेछ र सोको जानकारी कम्तिमा तीन दिन अगावै सम्बन्धित स्थानका कृषकहरुलाई सञ्चारका विभिन्न माध्यमबाट दिनुपर्नेछ ।

(घ) बाली उपचार शिविर बाली, आवश्यकता तथा आर्थिक पक्ष(बजेट) हेरि विभिन्न समयमा भिन्न भिन्न स्थानमा गर्न सकिनेछ ।

(ङ) बाली उपचार शिविर सञ्चालन गर्दा उपस्थित ज्येष्ठ नागरिक, फरक क्षमता भएका र महिला किसानलाई प्राथमिकता दिनेपर्नेछ ।

(च) प्रत्येक समस्यालाई कार्बन प्रतिको साथ फरक फरक सुझाव पत्रमा प्रविष्ट गरी सुझाव लेख्नुपर्नेछ , जसमाबाट एक प्रति कृषकहरुलाई दिनुपर्नेछ र अर्को प्रति तथ्याङ्क व्यवस्थापनका लागी राख्नुपर्नेछ ।

(छ) बालीमा देखिएका समस्याको सामाधान उक्त दिन नभएको वा पहिचान गर्न नसकिएको खण्डमा यथासक्य छिटो उपयुक्त निकायमा नमूना पठाई समस्याको पहिचान गराई सम्बन्धित कृषकलाई उचित व्यवस्थापनका उपायहरु सहित जानकारी गराउने व्यवस्था गर्नु पर्नेछ ।

(ज) बाली उपचार शिविरमा आएका किसानलाई कुनै पनि रसायनिक विषादी वितरण गर्न पाईने छैन ।

(झ) बाली उपचार शिविर प्लान्ट डाक्टर तथा तालिम प्राप्त शिविर सहजकर्ता अथवा प्लान्ट डाक्टर मात्रै कृषि विकास शाखाको प्राविधिक सहयोगमा प्रत्यक्ष संलग्नतामा गर्नु पर्नेछ ।

(ञ) उपदफा (ज) बमोजिम सञ्चालन हुन नसकेमा बाली उपचार शिविर सञ्चालकबाट सञ्चालन हुन सक्नेछ ।

(ट) बाली उपचार शिविर समाप्त भएपछि, सबै नमूनाहरुलाई कम्तिमा दुई फिट गहिरो खाडलमा पुरी वा जलाएर सुरक्षीत विसर्जन गर्नुपर्नेछ ।

(ठ) प्लान्ट डाक्टरले कृषकहरुलाई उपलब्ध गराउने सुझाव पत्रको ढाँचा अनुसुचि- १ बमोजिम गर्नुपर्नेछ ।

(झ) प्लान्ट डाक्टर तथा सहजकर्ताले बाली उपचार शिविरमा आएका समस्याहरुको तथ्याङ्क प्रविष्ट गरी सम्बन्धित प्रदेशको तथ्याङ्क प्रबन्धकलाई एक हप्ता भित्र पठाउनुपर्नेछ । प्रदेश तथ्याङ्क प्रबन्धकले उक्त विवरण(डिजिटल समेत) पन्ध्र दिन भित्र केन्द्रमा पठाउनुपर्नेछ ।

(ञ) बाली उपचार शिविर आफ्नो अनुकूल र आवश्यकता अनुसार घुम्ती वा नियमित शिविर सञ्चालन गर्न सक्नेछन् ।

(६) अपेक्षित प्रतिफल :

(क) कृषकका बालीमा देखिएका रोग, किरा तथा अन्य समस्याहरुको सहि पहिचान तथा सोको व्यस्थापनको विधि थाहा हुने हुँदा क्षति कम गर्नका लागि सहयोग पुग्ने छ ।

(ख) बालीका शत्रु जीवको सहि पहिचान तथा व्यवस्थापन साथै उक्त जीवका प्राकृतिक शत्रु जीवहरुबारे प्राविधिक जानकारी भई सुधारका लागि कृषक स्वयम् सक्षम हुने छ ।

(ग) रसायनिक विषदि तथा मलखादको जथाभावी प्रयोगलाई व्यवस्थित गरी बाली उत्पादन लागत कम हुने ।

(घ) वातावरण संरक्षण तथा मानव सुधार ल्याउन यस कार्यक्रम प्रभावकारी सिद्ध हुने छ ।

(ङ) बाली उपचार शिविर सञ्चालन क्षेत्रको रोग, किराको अभिलेख तयार भई भावी बाली संरक्षण कार्यक्रम तय गर्न सहयोग पुग्ने छ ।

(७) **अनुगमन तथा मुल्याङ्कन :**

यस कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन नगर उपप्रमुखको संयोजकत्वमा शाखाको कर्मचारी सहभागीतामा गरिनेछ ।

(८) **थपघट वा हेरफेर गर्न सक्ने :** यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन बर्दिवास नगरपालिकाको कार्यपालिकाको कार्यलयले आवश्यकता अनुसार कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

(९) **बाधा अड्कन फुकाउने :** यस कार्यविधिको कार्यन्वयनमा कुनै बाधा र अस्पष्टता आएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

## अनुसूची -१

### दफा(५) को उपदफा(ठ) सँग सम्बन्धित

**मिति :** **प्लान्ट डाक्टर :** **शिविर कोड :**

**कृषक जानकारी:**

**नामः** **स्थानः** **टोल :** **सम्पर्क न.:**

**लिगं** ☐ पुरुष ☐ महिला ☐ अन्य

**नमूना जानकारी :** बाली - जात :

**नमूना ल्याएको :** ☐ छ ☐ छैन

**वृद्धि अवस्था :** ☐ बेर्ना ☐ वानस्पतिक ☐ फुल फुल्ने ☐ फल लाग्ने ☐ पाकेको ☐ कटानी पछि

☐ वीउ ☐ जरा ☐ फेद ☐ काण्ड ☐ हांगा ☐ पात ☐ फुल ☐ पुरा वोट ☐ टुप्पो ☐ फल

| देखिएको समय र असर पारेको क्षेत्र | बालीमा असर प्रतिशत | अनुमानित उत्पादन |
|---|---|---|
| शुरुमा देखिएको वर्षः ......................... | ☐ १०० % ☐ ५०% | ................% |
| रोपिएको क्षेत्रफल : ........................... कठ्ठा | ☐ ७५% ☐ २५% ☐ <२५% | उत्पादनमा ह्रास |

**मुख्य लक्षणहरु :**

☐ ओइलाएको ☐ होचो ☐ पात झरेको ☐ मोजाइक ☐ सुनिएको(गल्स) ☐ सतहमा वृद्धि ☐ सुकेको ☐ कुहिएको

☐ पहेँलिएको ☐ टुप्पोबाट मरेको ☐ पातमा थोप्ला ☐ पातमा किनारा जलेको ☐ विकृत भएको ☐ कीरा देखिएको

☐ रगिंन धब्बा ☐ असामान्य रंग ☐ कुचोजस्तो ☐ धर्को ☐ चपाएको ☐ घाउ ☐ फल झरेको ☐ प्वाल पारेको

**खेतमा लक्षणको फैलावट :**

☐ निश्चित स्थान ☐ छरिएको ☐ त्रमबद्ध किनारा ☐ एकनास ☐ निश्चित जात ☐ एक बिरुवा ☐ पाखो ☐ खेत

**जिवको प्रकार /जैविक** ☐

☐ ढुसी ☐ जिवाणु ☐ कीरा सुलसुले जुका ☐ शंकाण ☐ फाइटोप्लाज्मा ☐ झारपात ☐ नजानिएको

**समस्याको प्रकार/ अजैविक** ☐

☐ खाद्य तत्व ☐ वातावरण ☐ नजानिएको

**निदान (नयाँ समस्याको लागि नयाँ सीटको प्रयोग गरौ)**

कीरा/रोग/झार/अन्य समस्याको नाम : ..........................................................................

**तत्कालको नियन्त्रण**

हाल गर्दै आएको तरिका :

**व्यवस्थापनको लागि सिफारिस**

☐ समस्या अवलोकन ☐ खेती तरिका ☐ जैविक ☐ अवरोधक जात ☐ ढुसीनासक

☐ कीटनासक ☐ सुलसुलेनासक ☐ जुकानासक ☐ धुवाउने ☐ झारनासक

# अनुसूची-२
## बाली उपचार शिविरमा आवश्यक सामाग्रीहरु

(क) सुझाव पत्र

(ख) हाते लेन्स

(ग) चक्कु

(घ) सेतो कागज ( साना कीराहरु अवलोकन गर्न)

(ङ) अखबारको पाना (नमूनाहरु व्याक गर्न)

(च) प्लास्टिकका झोलाहरु( नमूनाहरु कार्यस्थल सम्म ढुवानी गर्न)

(छ) केन्द्र तथा अन्य संस्थाहरुबाट प्रकाशन भएकाउ बाली विरुवाका शत्रुजीव तथा मित्रजीवहरुको फोटो

(ज) सन्दर्भ सामाग्री (जस्तै PMDGs, तथ्यपत्रहरु, पुस्तिकाहरु, पोस्टरहरु, पर्चाहरु, आदि)

(झ) कार्यक्रमको लागि ब्यानर

(ञ) नमूनाहरु जाचँ गर्ने सहजताको लागि कुर्सी, पाल आदि ।

(ट) अन्य आवश्यक सामाग्रीहरु ।

आज्ञाले,

राममणि अधिकारी

प्रमुख प्रशासकीय अधिकृत